[रेइवा ७ संस्करण]

**कृषि क्षेत्रमा SSW को रूपमा विदेशी कामदारहरूको उत्कृष्ट स्वीकृति (रोजगारी) उदाहरणहरू सिरामिजु फार्म कम्पनी**

**～६ वर्षको योजनाबद्ध व्यवस्थापन र आपसी छलफलद्वारा SSW तह १ को कामदारहरूको संख्या २० जना र तह २ को पनि ३ जना प्रगति～**

| आधारभूत जानकारी | |
|---|---|
| स्थान: याएसे सहर, शिमाजिरी जिल्ला, ओकिनावा<br>सिरामिजु फार्म कम्पनी (१०० वर्ष भन्दा बढी इतिहास भएको हेइसेइ ३० सालदेखि कम्पनीको रूपमा सञ्चालन)<br>खेतीपाती: मुख्यतया शरद् र हिउँदमा सानो गोदावरी फुल (८० प्रतिशत), वसन्त र ग्रीष्ममा भिँडी आदि (२० प्रतिशत), सानो सयपत्री: करिब ३० लाख थुँगाहरू<br>खेती गरिरहेको क्षेत्रफल: १२ हेक्टर खुला जमिन<br>कर्मचारी संरचना: १ जना जापानी (अफिस व्यवस्थापन) + २० जना SSW विदेशी कामदार (सबै इन्डोनेसियाली) |  |

<table>
<tr><td>SSW तह २: ३ जना ⇒ ३ जना पास भएको (१ जनाले बसोबासको स्थिति पनि परिवर्तन गरेको)</td><td></td></tr>
<tr><td colspan="2">विशेष पहल (कार्य दक्षता वृद्धि तथा सहज कार्य वातावरण निर्माण)<br>① योजनाबद्ध व्यवस्थापनको प्रयासद्वारा कार्य दक्षता र बिक्री बढ्नुका साथै SSW विदेशी कामदारहरूको संख्यामा पनि वृद्धि भएको छ।<br>② कम्पनी र कामदारहरू बीचको छलफलद्वारा कसलाई कुन काम लगाउने भन्ने विषयमा लचिलो रूपमा पुनरावलोकन गने र SSW विदेशी कामदारहरूबाट २ जनालाई टोली नेता नियुक्त गरी स्वप्रेरित रूपमा काम गर्न सकिने वातावरण सिर्जना गरिएको छ।</td></tr>
<tr><td colspan="2"><u>१. ६ वर्षको व्यवस्थापन प्रयास र छलफलद्वारा विदेशी जनशक्ति वृद्धि</u><br>(१) ६ वर्षमा के कस्ता प्रयासहरू गरियो र त्यसको लागि मदत मिलेका सोचाइ र ठोस उपायहरू<br>① SSW प्रणालीको सुरुवातबारे थाहा पाएपछि हामीले तुरुन्तै SSW कामदारहरूलाई स्वीकार्न सुरु गर्यौं।<br>काममा ल्याएको सुरुदेखि नै हामीले उनीहरूलाई “पछिको कुरा सोचेर काम गर्नुस्” भन्दै आएका छौं र अहिले लामो अनुभव भएका २ जना SSW विदेशी कामदारहरूलाई नेताको जिम्मा दिएका छौं। कम्पनी प्रतिनिधिको निर्देशन जापानी भाषा तथा मातृभाषा दुवैमा प्रदान गरिने व्यवस्था गरी कार्य दक्षता बढाइएको छ।</td></tr>
</table>

② SSW विदेशी कामदारहरूको अनुरोधलाई ध्यानमा राख्दै सबैले हेर्न मिल्ने गरी एउटा कार्यतालिका तयार पार्यौं। यसले गर्दा SSW विदेशी कामदारहरूले पनि काम धेरै हुने वा कम हुने समय आफै बुझ्न सकिने भएकोले व्यवस्थित ढङ्गमा काम गर्न सकेको महसुस गरेका छौँ। साथै आपसी छलफलको आधारमा विवाह, सन्तान योजना आदि कारणले अस्थायी रूपमा (२ देखि ६ महिना) आफ्नो देश फर्कने अनुमति दिने गरेका छौँ। यसरी आफ्नो देश फर्कने व्यक्तिहरूको संख्या र समयावधिको बारेमा SSW विदेशी कामदारहरू आफैले निर्णय गर्न सक्ने व्यवस्था मिलाएका छौँ।

③ टोली नेता बाहेक अन्य कर्मचारीहरूले पनि जिम्मेवारीपूर्वक ड्र्याक्टर तथा छनोट मेसिनको व्यवस्थापन गर्न थालेका छन्। यसबाट स्वप्रेरणा विकास भएको देखिन्छ। SSW विदेशी कामदारहरूको सुझावका आधारमा टोली संरचना तथा जनशक्ति व्यवस्थापन सुधार गरिएको छ, जसले सकारात्मक कार्य वातावरण सिर्जना गरेको छ।

④ व्यवस्थापन पक्षले सधैं "काम कसरी अझ सहज बनाउन सकिन्छ" भन्ने विषयमा विचार गर्दै आएको छ।यसले गर्दा हाम्रो कम्पनीमा काम गर्न चाहने SSW विदेशी कामदारहरूको संख्या बढेको छ। SSW विदेशी कामदारहरूले दीर्घकालीन रूपमा काम गरेकाले हामीले उत्पादनमा स्थिरता ल्याउन सकेका छौँ र ६ वर्ष अघिको तुलनामा हाम्रो बिक्री लगभग २.६ गुणा ठूलो भएको छ। हाम्रो व्यवसायको वृद्धि SSW विदेशी कामदारहरूको संख्याको वृद्धि सँगसँगै भइरहेको छ।

(२) आधारभूत तलबलाई न्यूनतम ज्याला भन्दा प्रति घण्टा १०० येन बढी छ मूल्याङ्कनको सट्टा बोनस प्रणाली

① कर्मचारी मूल्याङ्कनका विषयमा “सबैले मेहनत गरिरहेका छन्” भन्ने धारणा धेरै भएकाले व्यक्तिगत मूल्याङ्कनले कार्यस्थलमा विभाजन ल्याउन सक्ने ठानियो। त्यसैले व्यक्तिगत मूल्याङ्कन नगरी समग्र रूपमा उच्च स्तरको मूल्याङ्कन कायम गर्ने नीति अपनाइएको छ।

② कहिलेकाहीँ कोही कामदारले कम्पनीले सोचेभन्दा राम्रोसँग काम सम्पन्न गरेको देखेर काम गर्न सहज वातावरण बनाउनु नै फाइदाजनक हुन्छ भन्ने महसुस भयो। त्यसैले कम्पनीमा काम गर्दै अएको समयावधिको आधारमा थप रकम दिने र बोनस मार्फत पनि पुराना कामदारहरूलाई सुअवसर दिने गरेका छौँ। टोलीको नेतृत्व लिने जिम्मा भने हरेक कामदारको विश्वसनीयता र जापानी भाषाको दक्षतालाई ध्यानमा राखेर कम्पनीले निर्णय गर्छ र आफ्नो पद अनुसारको भत्ता प्रदान गरिन्छ।

③ श्रम समयअनुसार उचित पारिश्रमिक प्राप्त गर्नु SSW विदेशी कामदारहरूको अपेक्षासँग मेल खाने भएकाले न्यूनतम ज्यालाभन्दा करिब १०० येन प्रति घण्टा बढी पारिश्रमिक प्रदान गरिएको छ।

<u>२. SSW को विदेशी कामदारहरूको करियर विकास आदि</u>

① SSW तह २ को परीक्षाको बारेमा कम्पनीले परीक्षा पास गर्नेहरूलाई बधाई स्वरूप केही

रकम उपलब्ध गराउने गरेर कामदारहरूलाई त्यो परीक्षा दिन र पास गर्न प्रोत्साहन दिइरहेको छ। अनुभवी कामदारहरूको संख्या बढ्दा काममा निर्देशन दिन पनि सजिलो हुने भएकाले हामी SSW तह २ लाई विशेष महत्त्व दिएका छौँ।。

SSW तह २ कामदारहरूले आफ्नो परिवारलाई जापानमा ल्याउन सकिने भएकाले तह १ कामदारलाई जस्तै गरेर मदत नपुग्न सक्छ। भविष्यमा यदि कुनै SSW तह २ कामदारले परिवार ल्याउने कुरा आएमा हामी आवश्यकता अनुसार छलफल गर्दै सहयोग गर्नेछौँ।。

② तह २ को परीक्षा दिनको लागि कम्पनीको तर्फबाट अनिवार्य रूपमा सहयोग आवश्यक पर्दछ। हामीले SSW विदेशी कामदारहरूले नबुझेका कुराहरू सँगै विचार गर्ने जस्ता सहयोगहरू दिइरहेका छौँ। यसले गर्दा अहिलेसम्म ३ जनाले परीक्षा पास गरेका छन्।

③ भविष्यमा काम गर्ने वातावरणलाई अझ राम्रो बनाउनको लागि कम्पनीले आफ्नै होस्टेलको व्यवस्था गर्ने कुरा विचार गरिरहेको छ। यो होस्टेल चाहिँ SSW विदेशी कामदारहरूको विचार बुझेर उनीहरूको संस्कृतिसित सुहाउँदो सुविधा हुने कुरालाई ध्यान दिंदै भवन निर्माण गर्ने योजना छ।

④ सहज कार्य वातावरणका कारण धेरै कामदारहरूलाई काममा ल्याउन सकेका छौँ। इन्डोनेसियामा पनि कम्पनीमा काम गर्न इच्छुक व्यक्तिहरू धेरै रहेको जानकारी प्राप्त भएको छ। साथै कोही-कोहीले भने एकपटक अवकाश लिएर आफ्नो देश फर्केपछि फेरि हाम्रो कम्पनीमा काम गर्न इच्छुक भएका छन्।

**※विदेशी कामदारहरूसँगको अन्तर्वार्ता**

**(SSW तह २ प्राप्त भएको, सुरिआना जी)**



**(SSW तह १ (तह २ पास भएर कार्यस्थल प्रमुख) देवा जी)**



**① किन जापानमा काम गर्न चाहनुहुन्छ?**

**सुरिआना: मातृदेशमा रोजगारीको अवसर कम छ। साथै जापान सफा र सुरक्षित देश भएकाले यहाँ काम गर्न आएको हुँ। जापानमा प्राविधिक प्रशिक्षार्थीको रूपमा ३ वर्ष र SSW को रूपमा ७ वर्ष काम गरिसकेको छु।**

**देवा: मातृदेशमा आमाबुबालाई खेतीपातीमा सघाएपछि इबाराकी जिल्लामा प्राविधिक प्रशिक्षार्थीको रूपमा काम गर्दै आएँ। जापानको कमाइ इन्डोनेसियाको भन्दा निकै धेरै भएकोले म बचत गर्नका लागि काम गर्दैछु।**

② तपाईंको कामको विषयमा बताइदिनुहोस्। कम्पनीमा काम गर्न कत्तिको सजिलो छ र कुन कुराले तपाईंलाई काम गर्न उत्साहित बनाएको छ?

सुरिआना: गोदावरी फूलको खेती र भिँडीको काम कहिलेकाहीँ गाह्रो हुन्छ तर मल्चिङ गर्ने र मेसिन (टिलर) चलाउने जस्ता कामहरूमा अहिले बानी परिसकेकोले काम गर्न रमाइलो लाग्छ।

देवा: अहिले म गोदावरी फूल खेतीको तयारी भइरहेको छ। अनि नोभेम्बरको अन्त्यदेखि मे महिनासम्म कटनीको काम गर्छु। खेती व्यवस्थापन गर्ने र त्यो अनुसार काम गर्ने सन्दर्भमा म कार्यस्थल प्रमुखको रूपमा निर्देशनहरू पनि दिने गर्छु।

③ कामको दौडान तपाईंले विशेष ख्याल गर्नुभएको कुनै कुरा छ?

सुरिआना: विशेषगरी गर्मीको समयमा म पङ्खा जडान गरिएको काम गर्ने पोसाक लगाउँछु। साथै म विदेशी ड्राइभिङ लाइसेन्सलाई जापानी लाइसेन्समा बदल्ने प्रयास गरिरहेको छु तर यो निकै गाह्रो छ।

देवा: छ नि। विशेष गरी गर्मी मौसममा अत्यधिक तापक्रमका कारण काम कठिन हुने अवस्था आउँछ, त्यसैले काम गर्दा विशेष सावधानी अपनाइन्छ। पंखा जडित कार्य पोशाक प्रयोग गरिन्छ। साथै, अर्को कामबारे निर्देशन दिँदा कुनै गलत बुझाइ नहोस् भनेर जापानी भाषा तथा बाली भाषा दुवै प्रयोग गर्छु।

④ तपाईं बस्ने ठाउँ कस्तो छ र स्थानीय मानिसहरूसँग अन्तरक्रिया हुन्छ?

सुरिआना: धेरै राम्रो छ। होस्टेलको छेउमा बस्ने एक जना बज्यैसँग पनि अभिवादन गर्ने र हाम्रा दुई देशका संस्कृति बीचको भिन्नता बारे कुराकानी गर्ने गर्छु।

देवा: अपार्टमेन्टमा धेरैजसो जापानीहरू बस्छन् तर हामी राम्ररी अभिवादन गर्छौं। साथै स्थानीय क्षेत्रमा हुने खोलाको सरसफाइ जस्ता कार्यक्रम हुँदा म पनि सहभागी हुन्छु।

⑤ तपाईंले किन SSW तह २ प्राप्त गर्न चाहनुभयो?

सुरिआना: १० वर्ष पछिको कुरा त थाहा छैन तर भविष्यमा परिवारलाई साथमा राखेर जापानमा लामो समय काम गर्न चाहन्छु।

देवा: म ३१ वर्षको भएँ, तर विवाह गरेपछि पनि लामो समयसम्म जापानमा काम गर्न चाहेकोले हो।

⑥ SSW तह २ को परीक्षा पास गर्न तपाईंले कस्तो प्रयास गर्नुभयो?

सुरिआना: मैले दुई महिनासम्म हरेक दिन २ घण्टा इन्टरनेटमा भएका पाठ्यसामग्री प्रयोग गरेर अध्ययन गरेँ। प्राविधिक शब्दहरू कठिन भएकाले SSW को ५ औं वर्षमा तेस्रो पटकको प्रयासमा पास गर्न सकें।

देवा: गाह्रो थियो, तर जापानी भाषाका भिडियोहरू हेरेर बुझ्ने प्रयास गरेँ।

⑦ SSW तह २ को रूपमा कहिलेसम्म काम गर्ने विचार छ र अबदेखिको योजना बारे तपाईंको सोचाइ कस्तो छ?

सुरिआना: म लामो समयसम्म काम गर्न चाहन्छु। यहाँ काम गर्ने अरू कामदारहरूले पनि "तह २ प्राप्त गरेर लामो समय काम गर्न चाहन्छु" भन्छन्।

देवा: म आफ्ना आमाबुबा जस्तै मेहनत गरेर पछि आफ्नो दशमा कृषि व्यवसाय सञ्चालन गर्ने प्रमुख/मालिक बन्न चाहन्छु।

⑧ भविष्यका तपाईंका लक्ष्यहरू के हुन्? र आफ्नो देशमा भविष्य कस्तो बनाउने सोच छ?

सुरिआना: मेरो बच्चा अहिले भर्खर १ वर्षको भयो तर भविष्यमा आफ्नो परिवारलाई बोलाएर जापानमा लामो समय काम गर्ने कुरा सोचेको छु। साथै बाली टापुमा खेतीपातीबाट वर्षको करिब ६ लाख येन जति कमाइ हुन्छ तर म यसलाई अझ ठूलो व्यवसाय बनाएर चलाउन चाहन्छु।

देवा: अहिले म अविवाहित हुँ। तर आफ्नो देशकी प्रेमिका सँग विवाह गरेर जापानमा लामो समयसम्म काम गर्न चाहन्छु।